## सिटि अफिस बिराटनगर

### बिराटनगर सुपरिवेक्षण कार्यालयको भवनमा सिभिल निर्माण तथा इलेक्ट्रिकल कार्यको लागि बोलपत्र आव्हानको सूचना
### (प्रथम पटक प्रकाशित मिति २०७५/०५/०१)

मोरङ्ग जिल्ला स्थित नेपाल बैंक लिमिटेडको **बिराटनगर सुपरिवेक्षण कार्यालय रहने भवनमा** सिभिल निर्माण तथा ईलेक्ट्रिकल कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनको ११:०० वजे भित्र पेस गर्न सिलवन्दि बोलपत्र आव्हान गरिएको छ । यस बैंकको काठमाण्डौ बैंकिङ्ग अफिस वा सिटि अफिस बिराटनगरमा रु.३,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको प्रधान कार्यालय, व्यवस्थापन सेवा विभाग वा सि.अ. बिराटनगरवाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । सो सम्वन्धी शर्त तथा कार्य विवरण बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धी थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, व्यवस्थापन सेवा विभागमा वा शाखा कार्यालय सि.अ. बिराटनगरमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) बोलपत्र निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दर रेट (BOQ) खुलाई, आफुले कवोल गरेको रकमको (भ्याट सहित) घटीमा २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकमको माथिल्लो पाँच सय वा हजार अंक पुर्‍याई धरौटी वापत यस बैंकको काठमाण्डौं बैंकिङ्ग अफिस वा सि.अ. बिराटनगरमा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको बोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य “क” वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।

२) निर्माण व्यवसायीले बोलपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र, मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखा दर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७३/७४ को कर चुक्ता प्रमाणपत्र र काउण्टर निर्माण सम्बन्धि कार्य अनुभव पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको बोलपत्र फारामनै (नियम एवं शर्त सुबिधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । बोलपत्र फारामको अगाडी भागको प्रत्येक पुछारमा बोलपत्रदाताले आधिकारिक दस्तखत गरी फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ३० दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको सिभिल निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्नेछ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ ।

बोलपत्र प्राप्त गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, प्र.का. व्यवस्थापन सेवा विभाग वा सि.अ. बिराटनगर ।

बोलपत्र खरिद गर्ने अन्तिम मिति :- २०७५/०५/२९ गते शुक्रवार कार्यलय समय भित्र ।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७५/०५/३१ गते आईतवार विहान ११:०० वजे भित्र ।

बोलपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, सि.अ. बिराटनगर ।

बोलपत्र खोल्ने मिति र स्थान :- २०७५/०५/३१ गते आईतवार मध्यान्ह १२:०० बजे
नेपाल बैंक लिमिटेड, सि.अ. बिराटनगर ।

बैंकको अनुमानित लागत :-

सिभिल,इलेक्ट्रिकल र नेटवर्किङ्ग सवै गरी भ्याट सहित कूल जम्मा रकम **रु.३८,०७,१३१/६० (अक्षेरेपी अढ्तिस लाख सात हजार एकसय एकतिस पैसा साठी मात्र ।)**